नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३

पोष्ट बक्स नं. २५००७

सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८३/८४

च. नं. :- ३४६

मिति: २०८३/०५/२२

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड,
बुद्धनगर,काठमाण्डौं, नेपाल ।
फोन नं.०१-४७८८६८०

विषय: किमाथांका अरुण ज.वि.आ.(४५४ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र दरखास्त बारे ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्बन्धमा कारवाही भई च.नं.२७१७ मिति २०८३/०३/२९ गतेको पत्र मार्फत विद्युत नियमावली २०५० को नियम (१६) को प्रयोजनार्थ संलग्न स्वीकृत मस्यौदा बमोजिमको ३५(पैंतिस) दिने सार्वजनिक सूचना तँहाकै खर्चमा लगातार २ (दुई ) दिन राष्ट्रिय दैनिक **गोरखापत्र**मा प्रकाशन गर्न, सोको जानकारी सक्कल सूचना सहित **सात दिन भित्र** विभागलाई गराउन र सूचना अवधिभित्रै विभागमा आयोजनाको प्राविधिक प्रस्तुतीकरण गर्न एवं थप कागजात/विवरणहरु विभाग समक्ष ३५(पैंतिस) दिनको अवधिमा अद्यावधिक गरी पेश गर्न पत्राचार भएकोमा तँहाबाट हाल सम्म सूचना प्रकाशन गरी जानकारी नगराएको हुनाले ३(तिन) दिन भित्र स्वीकृत मस्यौदा बमोजिमको ३५(पैंतिस) दिने सार्वजनिक सूचना तँहाकै खर्चमा लगातार २ (दुई ) दिन राष्ट्रिय दैनिक **गोरखापत्र**मा प्रकाशन गर्नुहुन अन्यथा विद्युत नियमावली,२०५० अनुरुपको कारवाही हुने एवं हालसम्म सूचना प्रकाशन नगर्नाको कारण सहितको स्पष्टीकरण ३(तिन) दिन भित्र विभाग समक्ष पेश गर्नुहुन र च.नं.२७१७ को पत्र मार्फत माग गरिएका कागजात/विवरणहरु समेत पेश गर्नुहुन मिति २०८३/०५/१८ गतेको विभागीय निर्णयानुसार अनुरोध छ ।

(केशव बस्नेत)
इन्जिनियर